अनुसूची-१

(कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १० को उपनियम (६) सँग सम्बन्धित)

# मासिक प्रगति प्रतिवेदन

**कार्यालयको नामः प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी।**

**सालः २०८३** **महिनाः बैशाख**

| क्र.सं. | प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| १. | राजस्व सङ्कलनमा समन्वय तथा अनुगमन | ➢ वन क्षेत्रको पर्यापर्यटन तथा पर्यटन शुल्क सङ्कलनमा सहयोग गरिदिन सामुदायिक वन उपभोक्ता महासंघ, नेपाललाई पत्राचार गरिएको।<br>➢ त्रियुगा, बेलका, चौदण्डीगढी नगरपालिका र बेलबारी नगरपालिकामा राजस्व सङ्कलनबारे छलफल तथा अनुगमन गरिएको।<br>➢ मोरङ, झापा र उदयपुरको जिल्ला अनुगमन समितिको बैठकमा सहभागी। नदीजन्य पदार्थ उत्खनन तथा बिक्री सम्बन्धी र क्रसर/वालुवा प्रशोधन उद्योगको अनुगमन टोलीमा सहभागी।<br>➢ रामधुनी, उर्लाबारी नगरपालिका, धरान उप-महानगरपालिका र डिभिजन वन कार्यालयबीच वन क्षेत्रको नदीजन्य पदार्थ बिक्रीको तयारी/ IEE गर्ने कार्यमा छलफल तथा समन्वय गरिएको। | ➢ वन क्षेत्रका खोला नदीको ढुङ्गा, गिट्टी वालुवा सङ्कलन तथा बिक्रीका लागि कानूनी द्विविधा रहेको र IEE स्वीकृत गर्न स्थानीय तह एवम् प्रदेशका मन्त्रालय/कार्यालयसँग पर्याप्त छलफल/समन्वय नभएको। | स्थानीय तह र प्रदेशका निकायबीच छलफल एवम् समन्वय गरिएको।<br>प्रदेश वन नियमावली संशोधन तयारीका लागि सहयोग गरिएको। |
| २. | कर सचेतना सामग्री | ➢ सवारी साधन कर सचेतना सामग्री (फ्लेक्स र स्टिकर) सबै स्थानीय तहमा, यातायात, मालपोत, घरेलु र जिल्ला प्रशासन कार्यालयहरुमा टाँस गर्न पठाइएको। | | |
| ३. | राजस्व सम्बन्धी विवरण सङ्कलन | ➢ स्थानिय विभाज्य कोषमा राजस्व दाखिला तथा बाँडफाँड सम्बन्धमा सबै स्थानीय तहमा पत्र लेखी अनुरोध गरिएको।<br>➢ प्राकृतिक स्रोत बिक्री शुल्क सङ्कलनको विवरण पठाउन बाँकी | माग गरिएको विवरण सबै निकायबाट प्राप्त नभएको। | ताकेता पत्र पठाइएको, फोनबाट ताकेता गरिएको। |

| क्र.सं. | प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| | | स्थानीय तहसँग विवरण माग गरिएको। हालसम्म प्राप्त विवरण अनुसार ४६ वटा स्थानीय तहमा नदीजन्य पदार्थ विक्रीको ठेक्का लागेको विवरण प्राप्त भएको।<br>➢ मनोरञ्जन कर, विज्ञापन कर र पर्यटन शुल्क सङ्कलनबारे केही स्थानीय तहबाट विवरण माग गरिएको। | | |
| ४. | अन्तरक्रिया कार्यक्रम सञ्चालन | ➢ उद्योग कृषि तथा सहकारी मन्त्रालयसँगको समन्वयमा प्रदेश सहयोग कार्यक्रम (PSP) को आर्थिक तथा प्राविधिक सहयोगमा २०८३/०१/२५ गते विर्तामोडमा झापा तथा इलामका सबै स्थानीय तह र २०८३/०१/२८ गते विराटनगरमा मोरङ, सुनसरी र उदयपुरका सबै स्थानीय तहका राजस्व शाखा र उद्योग शाखा हेर्ने कर्मचारीलाई राजस्व प्रशासन र व्यवसायिक फर्म/लघु उद्योग प्रशासन सम्बन्धी अभिमुखीकरण एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। | | |
| ५. | राजस्व परामर्श विषयगत समितिमा छलफल | उद्योग कृषि तथा सहकारी मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा र आर्थिक मामिला तथा योजना मन्त्रालयमा भएको राजस्व परामर्श विषयगत समितिको बैठकमा सहभागी भएको। | | |
| ६. | त्रैमासिक समीक्षा र नियमित कार्य | ➢ आ.व.२०८२/८३ को तेस्रो त्रैमासिक समीक्षामा कार्यालयको प्रगति विवरण सहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तुत गरिएको।<br>➢ सेवा बडापत्र (Service Charter) र कार्यसम्पादन मूल्याङ्कन सूचक सहितको कार्यविवरण तयार गरिएको।<br>➢ मासिक रिपोर्ट पेश तथा नियमित कार्य सञ्चालन गरियो। | | |